# राष्ट्रिय मानव अधिकार आयोग
## National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


## प्रेस नोट

२०७५ मंसिर ६

### आयोगद्वारा विभिन्न धर्म गुरूहरूसँग छलफल

राष्ट्रिय मानव अधिकार आयोगले जातीय भेदभाव तथा छुवाछुत अन्त्यका लागि देशव्यापी अभियान चलाउने सन्दर्भमा विभिन्न धर्मगुरूहरूसँग राय/सुझाव लिने उद्देश्यले आज आयोगमा छलफल गरेको छ ।

छलफलको क्रममा सहभागीहरुले जातीय भेदभाव तथा छुवाछुतजन्य कार्यहरुलाई कुनै पनि धर्मले स्वीकार नगरेको तर व्यवहारमा जातीय भेदभाव तथा छुवाछुतजन्य कार्यहरु विद्यमान रहेकोले प्रभावकारी कार्यक्रमको आवश्यकता रहेको बताएका थिए । साथै, अभियान सफलतापूर्वक सम्पन्न गर्नका लागि सहयोग गर्ने प्रतिवद्धता समेत सहभागीहरुले जनाएका थिए ।

आयोगका माननीय सदस्य प्रकाश वस्तीले सरोकारवाला सबैको साथ र सहयोग लिएर यसै महिनादेखि सातै प्रदेशका बढी प्रभावित जिल्लाहरुमा केन्द्रित रहँदै अभियान सञ्चालन गरिने बताउनुभयो । तयारीकै क्रममा राष्ट्रिय दलित आयोग र दलित गैरसरकारी संस्था महासंघ, दलित अधिकारकर्मीहरुसँग आयोगले परामर्श गरिसकेको छ ।

छलफलमा आयोगका सचिव, निर्देशक, उपनिर्देशक, विश्वहिन्दु महासंघका अध्यक्ष रामचन्द्र अधिकारी, अर्न्तधार्मिक परिषद्का अध्यक्ष दामोदर गौतम, सचिव केशवप्रसाद चौलागाईं, अस्सलाम सोसाइटीका अध्यक्ष नजरुल हुसेन, इसाइ समुदायका अध्यक्ष ईसुजंग कार्की, निश्न नेपालका सदस्य रोशनी कर्माचार्य, दलित गैरसरकारी संस्था महासंघका निवर्तमान अध्यक्ष गजाधर सुनार, महासचिव जसबहादुर विश्वकर्मा, कोषाध्यक्ष जीतेन्द्र पासवान, लगायत आयोगका कर्मचारीहरुको सहभागिता रहेको थियो ।

..............................
मोहना अन्सारी
सदस्य/प्रवक्ता


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org